
Mitigation Action Facility

clean air. moving people.
SET4NPL
implemented by giz GGGI

सार्वजनिक यातायात सञ्चालकहरूका (PTOs) लागि विद्युतीय मिनी तथा माइक्रोबस (EMB) प्राप्त गर्ने प्रक्रियासम्बन्धी सहयोग पुस्तिका



© GGGI Nepal / Graphic representation of a microbus

*SET4NPL परियोजनाको परिचय

Sustainable Electric Transport for Nepal (SET4NPL) परियोजनाको उद्देश्य नेपालमा सार्वजनिक यातायातलाई दिगो, सुविधाजनक र प्रविधिमैत्री बनाउनु हो। यस परियोजनामार्फत विद्युतीय मिनी तथा माइक्रोबसहरू खरिद गर्दा अनुदान प्राप्त हुने र त्यससँगै सहयोग* प्याकेजहरू उपलब्ध हुनेछन्, जसले सार्वजनिक यातायात व्यवसायीहरूलाई विद्युतीय सवारीसाधनमा रूपान्तरण गर्न सहज बनाउनेछ। यसको साथै, परियोजनाले देशभर चार्जिङ स्टेसनहरूको विस्तार गरी यसको व्यवस्थापन र डिजिटल उपकरणमार्फत भुक्तानी प्रणालीलाई पनि आधुनिक बनाउने लक्ष्य राखेको छ ।


SET4NPL परियोजना Mitigation Action Facility को आर्थिक सहयोग, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय (*MoPIT), सरोकारवाला निकायसँगको सहकार्य र *GGGI तथा *GIZ द्वारा संयुक्त रूपमा सञ्चालित छ ।

परियोजनाका उद्देश्यहरू

- सार्वजनिक यातायात सेवा सुधार गर्न ३,५०० वटा विद्युतीय मिनी तथा माइक्रोबस (*EMB) हायर-पर्चेजमा लिन सार्वजनिक यातायात सञ्चालकहरूका (*PTOs) लागि सहजीकरण गर्नु ।
- नेपालको विद्युतीय सवारीको लक्ष्य हासिल गर्न नेपाललाई टेवा पुऱ्याउनु ।
- नेपालको राष्ट्रिय निर्धारित योगदान अन्तर्गत यातायात क्षेत्रमा सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्ने ।

*SET4NPL – Sustainable Electric Transport for Nepal, सेटफरनेपाल
*PTO – Public Transport Operator, सार्वजनिक यातायात सञ्चालक
*EMB – विद्युतीय मिनी तथा माइक्रोबस
*MoPIT – Ministry of Physical Infrastructure and Transport, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
*GGGI – Global Green Growth Institute
*GIZ – Deutsche Gesellschaft für Internationale Zusammenarbeit
*Info Pack - सार्वजनिक यातायात सञ्चालकहरूको विस्तृत जानकारीका लागि पुस्तिका
*Vendor – EMB supplier, बिक्रेता
* Hire Purchase - कजा
* सहयोग - प्रथम ४०० EMB मा विशेष अनुदान र त्यसपछि स्ल्याब अनुसार अनुदानको व्यवस्था रहेको छ ।

EMB प्याकेजमा के समावेश छ ?



EMB को सिट संख्या अनुसार अनुदान र हायर-पर्चेजमा थप अनुदान। (सर्तहरु लागू हुनेछन्)
(विस्तृत जानकारीका लागि इन्फो प्याकमा उल्लेखित पृष्ठ नं. १४-१५ हेर्नुहोस् ।)

EMB प्याकेज सम्बन्धी थप जानकारी

PTO ले आफ्नो सवारीको लागत कट्टा प्रमाणपत्र बुझाई थप अनुदानका लागि योग्य हुन सक्नेछ।

PTO ले आफ्नो आवश्यकता अनुसार फास्ट चार्जरको लागि आफैं आवेदन दिन सक्नेछ।

आधिकारिक मर्मत सेवा प्रदायकसँग मर्मतसम्भारका लागि आधारभूत मर्मत सम्झौता अनिवार्य गर्नुपर्नेछ।

विस्तृत जानकारीका लागि कृपया इन्फो प्याकमा उल्लेखित विवरणहरू हेर्नुहोस्।

अनुदानमार्फत EMB लिन आवश्यक पाँच चरणहरु के के हुन् ।

१

EMB बिक्रेतालाई सम्पर्क गर्ने

PTO ले परियोजनाद्वारा छनोट गरिएका बिक्रेता वा बैंकसँग सम्पर्क गर्नेछ ।

२

कर्जाको लागि आवेदन फारम बुझाउने

बिक्रेताले PTO लाई फारम भर्न सहयोग गर्नेछ ।

३

परियोजनाको स्टिकर टाँस्ने र अन्य कागजातहरू बुझाउने

EMB को नामसारी भएपछि परियोजनाको स्टिकर अनिवार्य टाँसुपर्नेछ र PTO ले 'इन्फो प्याक' मा उल्लेखित सबै कागजातहरू बैंकलाई अनिवार्य रूपमा बुझाउनु पर्नेछ।

४

स्लो चार्जर र अन्य उपकरणहरूको लागि प्रक्रिया अगाडि बढाउने

स्लो चार्जर र अन्य उपकरणहरू प्राप्त गर्न बिक्रेताले PTO को लागि सबै प्रक्रिया अगाडि बढाइदिनु पर्नेछ।

५

उपकरणहरू जडानका लागि बिक्रेतालाई EMB हस्तान्तरण गर्ने

अन्त्यमा, सबै उपकरणहरू जडानका लागि बिक्रेतालाई EMB हस्तान्तरण गर्नुपर्नेछ। *

* इ-टिकटिङ प्रणाली तयार नभएसम्म यो सर्त अस्थायी रूपमा मात्र लागू हुनेछ ।

EMB प्रयोग गर्दा PTO लाई के-के फाइदाहरू हुन्छ ?

१

सञ्चालन तथा मर्मतमा कम लागत

विद्युतीय सवारीसाधनको सञ्चालन र मर्मत खर्च पेट्रोल वा डिजलको सवारीको तुलनामा कम हुन्छ, र बिजुली खपतमा लाग्ने रकम पनि डिजलको भन्दा धेरै सस्तो पर्छ ।

२

EMB को खरिदमा आंशिक अनुदान

परियोजनामार्फत पाउने अनुदानको सहयोगले PTO लाई EMB खरिद गर्दा लाग्ने कुल रकम घट्छ ।

३

स्मार्ट सुविधासहितको प्याकेज

EMB सँगै GPS मोड्युल, LED रुट डिस्प्ले स्क्रीन, इमोबिलाइजर, इ-टिकटिङ मेसिन, र मोबाइल app जस्ता सुविधाहरू एउटै प्याकेजमा उपलब्ध हुन्छन् ।

४

पुरानो डिजल सवारीसाधनको लागत कट्टा प्रमाणपत्रमा थप अनुदान

पुरानो डिजल मिनी तथा माइक्रोबसको लागत कट्टा प्रमाणपत्र पेश गरे बापत PTO ले थप अनुदान प्राप्त गर्न सक्छन्, जसले EMB खरिद लागत रकम घटाउँछ ।

५

वातावरण संरक्षणमा योगदान

विद्युतीय सवारीको प्रयोगले हरितगृह ग्याँस उत्सर्जन र वायु प्रदूषणमा उल्लेखनीय कमी ल्याउँछ, जसले स्वच्छ वातावरण निर्माणमा सहयोग गर्छ ।

*Note: माथि उल्लेखित बुँदाहरूमा सर्तहरू लागू हुनेछन्। विस्तृत जानकारीका लागि कृपया इन्फो प्याकमा उल्लेखित विवरणहरू हेर्नुहोस् ।

इन्फो प्याक

GGGI

Global Green Growth Institute
Nepal Country Office
Department of Forests and Soil Conservation's Building
Babarmahal, Kathmandu
Nepal

giz Deutsche Gesellschaft für Internationale Zusammenarbeit (GIZ) GmbH

Deutsche Gesellschaft für Internationale Zusammenarbeit (GIZ) GmbH
GIZ SET4NPL Office
Khumaltar, Godawari Sadak
Lalitpur

Banking Partners

NABIL BANK
Global IME Bank
HBL Himalayan Bank Ltd.
Laxmi Sunrise
NIMB

Vehicle Suppliers

CG MOTORS
thee GO Sustainability | Innovation
MAW
SIPRADI
VG motors
SHASHEELA MOTORS

Digital Solution Partners

aloi